# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हुवास, पर्वत    गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np


प.सः २०८२/०८३
च.नं : ६६

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुवास, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

मितिः २०८२/०५/०१

श्री सरोकारवाला शिक्षकहरु सवै,
पैयूँ गाउँपालिका, पर्वत।

विषयः स्वेच्छिक अवकाश सम्वन्धमा।

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका, शिक्षक स्वेच्छिक अवकाश योजना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा (४) को खण्ड (क) वमोजिम यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत रही २० वर्ष स्थायी सेवा अवधी पुरा गरेका र अनिवार्य अवकाश हुन न्युनतम १ बर्ष देखी ५ वर्ष सेवा अवधी बाँकी रहेका शिक्षकहरुले स्वेच्छिक रुपमा अवकाशमा जान चाहेमा तपसिल वमोजिमको सुविधा गाउँपालिकावाट प्रदान गर्ने निर्णय भएकाले ईच्छुक शिक्षकहरुलाई तोकिएको ढाँचामा मिति २०८२/०६/३१ गते भित्र गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा तपसिलका कागजातसहित निवेदन पेश गर्नुहुन अनुरोध छ।

तपसिलः

स्वेच्छिक अवकाशमा जान चाहने शिक्षकलाई प्रदान गरिने सुविधा विवरणः

१. सूचना प्रकाशित भएको मितिले कम्तिमा १ वर्ष भन्दा वढी र २ वर्ष भन्दा कम सेवा अवधि बाँकी रहेका शिक्षकको लागि खाईपाई आएको शुरु तलव स्केलको ४ महिना वरावर हुन आउने एकमुष्ठ रकम।
२. सूचना प्रकाशित भएको मितिले कम्तिमा २ वर्ष देखि ५ वर्ष सम्म सेवा अवधि बाँकी रहेका शिक्षकको लागि खाईपाई आएको शुरु तलव स्केलको ५ महिना वरावर हुन आउने एकमुष्ठ रकम।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

क) शिक्षक पदवाट स्वीकृत राजिनामा पत्रको प्रतिलिपि- १
ख) तोकिएको ढाँचामा हस्तलिखित निवेदन- १
ग) नागरिकता प्रमाणपत्रको प्रतिलिपि- १
घ) शुरु स्थायी नियुक्तीको प्रतिलिपि- १
ङ) बढुवा नियुक्ति पत्रको प्रतिलिपि- १
च) सिटरोलको प्रतिलिपि-१
छ) सम्पुर्ण शैक्षिक योग्यताको कागजातका प्रतिलिपिहरु।

२०८२/०५/०१

(गोविन्दराज सुवेदी)
शिक्षा अधिकृत



Scanned with CamScanner

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

अनुसूची-१

निवेदनको ढाँचा

मितिः ...............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
पैयूँ गाउँपालिका, पर्वत।

विषयः स्वेच्छिक अवकाशमा सहभागी हुने सम्वन्धमा।

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय द्वारा मिति ...................................... मा प्रकाशित सूचना अनुसार शिक्षक स्वेच्छिक अवसकाश कार्यक्रममा सहभागी हुन योग्य र ईच्छुक भइकाले कसैको करकाप र दवावमा नपरी स्वेच्छिक रुपमा यो निवेदन पेश गरेको छु।

निवेदकको

नाम र थरः

तहः

श्रेणीः

शिक्षक संकेत नम्वरः

जन्ममितिः

अनिवार्य अवकाश हुने मितिः ................................ (नागरिकता, शैक्षिक योग्यताका प्रमाणपत्र वा सिटरोलमा उल्लेखित मिति मध्ये सवै भन्दा जेष्ठ मिति उल्लेख गर्ने)

कार्यरत विद्यालयको नामः

ठेगानाः

जम्मा सेवा अवधी(वर्ष/महिना र दिन मा उल्लेख गर्ने)

माथि उल्लेखित विवरण ठीक साँचो हो झुठा ठहरे कानुन वमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

नामः

मितिः

फोन न.

CS Scanned with CamScanner